# बागमती प्रदेश विश्वविद्यालय कर्मचारी नियुक्ति, पदोन्नती एवम् समायोजन सिफारिस सम्बन्धी कार्यविधि, २०८२

बागमती प्रदेश विश्वविद्यालय,
हेटौडा, मकवानपुर

# बागमती प्रदेश विश्वविद्यालय

## बागमती प्रदेश विश्वविद्यालय कर्मचारी नियुक्ति, पदोन्नती एवम् समायोजन सिफारिस सम्बन्धी कार्यविधि, २०८२

बागमती प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा ४४ एवम् बागमती प्रदेश विश्वविद्यालय विधान, २०८१ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवासम्बन्धी विनियम, २०८२ को विनियम १२८ (घ) को प्रयोजनसमेतका लागि बागमती प्रदेश विश्वविद्यालय कार्यकारी परिषदको सिफारिसमा विश्वविद्यालय संरक्षक समितिले यो कार्यविधि निर्माण गरेको छ :

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "बागमती प्रदेश विश्वविद्यालय कर्मचारी नियुक्ति, पदोन्नती एवम् समायोजन सिफारिस सम्बन्धी कार्यविधि, २०८२ रहेको छ। यसलाई संक्षेपमा "कर्मचारी नियुक्ति सिफारिस कार्यविधि, २०८२ भनिनेछ।

(ख) यो कार्यविधि संरक्षक समितिले पारित भएपछि लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले प्रदेश उच्च शिक्षा ऐन,२०७८ सम्झनु पर्दछ।

(ख) "विधान" भन्नाले बागमती प्रदेश विश्वविद्यालय विधान, २०८१ सम्झनु पर्दछ।

(ग) "विनियम" भन्नाले बागमती प्रदेश विश्वविद्यालयका प्रचलित विनियमहरू सम्झनु पर्दछ।

(घ) "विश्वविद्यालय" भन्नाले बागमती प्रदेश विश्वविद्यालय सम्झनु पर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले बागमती प्रदेश विश्वविद्यालयका अध्यक्ष सम्झनु पर्दछ।

(च) "सेवा आयोग" भन्नाले बागमती प्रदेश विश्वविद्यालय सेवा आयोग सम्झनु पर्दछ।

(छ) "सेवा आयोग अध्यक्ष" भन्नाले बागमती प्रदेश विश्वविद्यालय सेवा आयोगका अध्यक्ष सम्झनु पर्दछ।

(ज) "उपाध्यक्ष" भन्नाले बागमती प्रदेश विश्वविद्यालयका उपाध्यक्ष सम्झनु पर्दछ।

(झ) "सदस्य" भन्नाले बागमती प्रदेश विश्वविद्यालयका सेवा आयोगका सदस्य सम्झनु पर्दछ।

(ञ) "प्रतियोगिता" भन्नाले विश्वविद्यालयको नियमअनुसार सेवा आयोगद्वारा आह्वान गरिएका प्रतियोगिता सम्झनु पर्दछ।

(ट) "लिखित परीक्षा" भन्नाले सेवा आयोगद्वारा लिइने प्रतियोगितात्मक लिखित परीक्षा सम्झनु पर्दछ। विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यसले सेवा आयोगबाट सञ्चालित प्रयोगात्मक परीक्षा, अन्तरवार्ता वा अन्य कुनै पनि परीक्षासमेत जनाउँछ।

(ठ) "उम्मेदवार" भन्नाले सेवा आयोगको प्रतियोगितामा सम्मिलित हुन न्यूनतम योग्यता पुगेका उम्मेदवार शिक्षक वा कर्मचारीलाई समेत जनाउँछ।

(ड) "अनुसूची" भन्नाले यसै कार्यविधिका अनुसूची सम्झनु पर्दछ।

(ढ) "मान्यता प्राप्त शिक्षण संस्था" भन्नाले नेपाल सरकार र स्थापित मापदण्डअनुसार मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्था भन्ने सम्झनु पर्दछ।

(ण) "योग्यता" भन्नाले तोकिएको पदमा नियुक्तिको लागि तोकिएको न्यूनतम योग्यता सम्झनु पर्दछ।

(त) "अङ्क" भन्नाले सेवा आयोगबाट यसै कार्यविधिका अनुसूचीबमोजिम विभिन्न आधारमा दिईने अङ्क सम्झनु पर्दछ।

(थ) "समायोजन" भन्नाले ऐनको दफा ९(३) बमोजिम आङ्गिक क्याम्पसको रूपमा भएको समायोजन सम्झनु पर्दछ।

(द) "आवेदन दस्तुर" भन्नाले प्रतियोगितामा सामेल हुनको लागि सेवा आयोगले तोकेको न्यूनतम दस्तुर सम्झनुपर्दछ।

(ध) "पिछडिएको क्षेत्र" भन्नाले प्रदेश सरकारले हरेक तीन बर्षमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मानव विकास सूचाङ्कमा सबैभन्दा पछाडि परेका अन्तिमबाट क्रमशः पाँचवटा स्थानीय तह सम्झनु पर्छ।

३. **विधान, नियम वा विनियमअन्तर्गतको प्रयुक्त शब्द र वाक्यांशहरू** : यस कार्यविधिमा भएकामा प्रसङ्गवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरूको व्याख्या सोही अनुरूप गरिने छ।

## परिच्छेद २

## पदपूर्ति सम्बन्धी व्यवस्था

४. विश्वविद्यालयको प्रशासन सेवातर्फका पदहरूमा देहाय बमोजिम स्थायी पूर्ति गरिने छ :

| पद/श्रेणी | खुल्ला प्रतियोगिता | आन्तरिक प्रतियोगिता | जेष्ठता तथा कार्य सम्पादन मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|
| एघारौं | - | ८०% | २०% | - |
| दशौं | - | - | १००% | - |
| नवौं | ३०% | ५०% | २०% | दुवै |
| आठौं | ५०% | ३०% | २०% | प्राविधिक |
| | - | - | १००% | प्रशासन |
| सातौं | ६०% | २५% | १५% | दुवै |
| छैठौं | १००% | - | - | प्राविधिक |
| | - | - | १००% | प्रशासन |
| पाँचौं | १००% | - | - | प्रशासन |

(क) जेष्ठता तथा कार्यसम्पादनका आधारमा तह बृद्धि हुनको लागि सोभन्दा तल्लो तहमा कम्तिमा पाँच बर्ष र आन्तरिक प्रतियोगिताद्वारा तह बृद्धि हुनका लागि सोभन्दा तल्लो पदमा पाँच बर्ष सेवा अवधि पूरा गरेको हनुपर्दछ ।
सेवा आयोगबाट पहिलो पटकको विज्ञापन गर्दा दरबन्दी अनुसार सबै पदहरूमा सतप्रतिशत खुल्ला विज्ञापन गरिनेछ ।

(ख) तर विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ को विनियम ८९ (क) बमोजिम सजाय पाएको व्यक्ति कम्तिमा एक बर्ष वा सजायको अवधि भर र विनियम बमोजिम निलम्बन भएको भए निलम्बन भएको अवधिभर बढुवा प्रक्रियामा समावेश गरिने छैन ।

## परिच्छेद ३

## कर्मचारी समायोजन सम्बन्धी व्यवस्था

५. समायोजन हुन आउने क्याम्पसमा कार्यरत कर्मचारीहरूलाई निम्नानुसार समायोजन गरिने छ :

(क) समायोजन पूर्व क्याम्पस सेवा आयोग वा पदपूर्ति समितिले लिखित परीक्षा लिइ सो उत्तीर्ण गरी स्थायी नियुक्ति लिएका देहाय बमोजिमका योग्यता र अनुभव भएका कर्मचारीहरूलाई देहाय बमोजिम स्थायी पदमा समायोजन गरिने छ :

| कार्यरत पद (स्थायी) | शैक्षिक योग्यता | अनुभव | अन्य क्षमता | समायोजन गरिने पद |
|---|---|---|---|---|
| शाखा अधिकृत वा सोभन्दा माथि | स्नातकोत्तर वा सोभन्दा माथि | ७ बर्ष र सोभन्दा बढी | लेखा, कम्प्युटर, प्रशासन | शाखा अधिकृत अधिकृत सातौं |
| शाखा अधिकृत | स्नातक वा सो भन्दा माथि | ७ बर्ष भन्दा कम | लेखा, कम्प्युटर | छैठौं तह |
| शाखा अधिकृत भन्दा तल्लो पदमा कार्यरत | कक्षा १२ वा सो भन्दा माथि | - | - | पाँचौं तह |

(ख) खण्ड (क) बमोजिम कर्मचारी समायोजन विश्वविद्यालयको आवश्यकता, कर्मचारीको दक्षता तथा सेवा अवधिको जेष्ठताजस्ता आधारमा क्रमशः गरिने छ ।

(ग) समायोजन भएका क्याम्पसहरूमा, खण्ड (क) बमोजिम लिखित परीक्षा उत्तीर्ण नभइ स्थायी तथा पूर्णकालिन रूपमा कार्यरत कर्मचारीहरूलाई दफा ४१ को आधारमा मूल्याङ्कन गरी योग्यता सूची बनाइ क्रमशः समायोजन गरिने छ । तर अन्य संस्थाहरूमा कार्यरत कर्मचारीहरूलाई समायोजन गरिने छैन् ।

(घ) समायोजनमा परेका कर्मचारीहरूलाई एक पटकका लागि २ वर्षभित्र आन्तरिक प्रतियोगिताद्वारा पदोन्नती हुने अवसर प्रदान गरिनेछ ।

## परिच्छेद ४
## सिफारिससम्बन्धी प्रक्रिया

**६. सिफारिस सम्बन्धी कारबाही**

विश्वविद्यालय कार्यकारी परिषद्ले स्थायी पदपूर्तिको लागि तोकी पठाएको पद, पदको सङ्ख्या र प्रतियोगिताको किसिमका आधारमा सेवा आयोगले शिक्षक, कर्मचारी पदमा नियुक्तिको लागि सिफारिससम्बन्धी कारबाही सुरु गर्नेछ र साधारणतया ६ महिना भित्र यस्तो सिफारिससम्बन्धी कारबाहीको टुङ्गो लगाइ सक्नेछ ।

**७. विज्ञापन र आवेदन फाराम**

(क) नियुक्तिको लागि सिफारिस गर्नु पर्ने कर्मचारी पद र त्यसको किसिम तथा सङ्ख्या, सबै प्रकारको न्यूनतम योग्यता एवम् प्रतियोगिताको किसिमसमेत खुलाई सेवा आयोगले सिफारिस गर्ने पदहरूको विज्ञापन राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

(ख) विज्ञापनबमोजिम आवेदन दिने म्याद पत्रिकामा प्रकाशित मितिले कम्तीमा २१ (एक्काइस) दिन राख्नु पर्नेछ । त्यसपश्चात दोब्बर दस्तुर तिरेर थप ७ (सात) दिनसम्म आवेदन दिने म्याद कायम रहने छ तर यसरी दोब्बर दस्तुर तिरेर आवेदन फाराम भर्ने म्याद थप गरिएको अवधि वा पछि विज्ञापनमा कुनै संशोधन गरी वा नगरी जुनसुकै कारणले आवेदन फाराम भर्ने म्याद थप गरिएको समेत आधार मानी उमेर, शैक्षिक योग्यता, अनुभव र सेवा अवधि कुनै पनि प्रयोजनका लागि गणना गरिने छैन ।

(ग) विज्ञापन बमोजिम न्यूनतम योग्यता पुग्ने उम्मेदवारहरूले आवेदन फाराम तोकिएको म्यादभित्र सेवा आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

(घ) म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित शर्तहरू पूरा नभएको आवेदन फाराममा कुनै कारबाही गरिने छैन ।

(ङ) कर्मचारी पदहरूको लागि सेवा आयोगबाट यस कार्यविधिका आवश्यकताहरू पूर्ति हुने गरी आवेदन फारामहरू तोक्नु पर्नेछ ।

(च) सेवा आयोगले प्रतियोगिताको लागि आवेदकहरू मध्येबाट योग्य उम्मेदवारहरूको स्वीकृत नामावली र प्रतियोगिता हुने मिति, समय र स्थानबारे प्रतियोगिता हुने दिनभन्दा घटीमा पनि १५ (पन्ध्र) दिन अगाडि राष्ट्रिय स्तरका पत्रिकामार्फत सूचना प्रकाशित गर्नु पर्नेछ ।

(छ) सेवा आयोगमा दाखिला भइसकेका आवेदन, आवेदन दस्तुर र सम्बन्धित सङ्लग्न कागजात फिर्ता गरिने छैन ।

(ज) सेवा आयोगद्वारा प्रकाशित विज्ञापनमा सम्मिलित हुन चाहने उम्मेदवारले आफ्नो शैक्षिक योग्यताका प्रमाणपत्रहरू सेवा आयोगले तोकेका निकायबाट प्रमाणित गराइ अनिवार्य रूपमा फारामसाथ सङ्लग्न गर्नु पर्नेछ ।

## परिच्छेद ५
## प्रतियोगिताका प्रकार तथा अनुपात

**८. प्रतियोगिताको प्रकार** : सेवा आयोगले देहायमा उल्लेखित प्रतियोगिताका आधारमा कर्मचारी पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ :

(क) **खुल्ला प्रतियोगिता** : तोकिएको शैक्षिक तथा अन्य योग्यता पुगेका विश्वविद्यालय सेवामा रहेका वा विश्वविद्यालय सेवा बाहिरका व्यक्तिलाई समेत सेवा आयोगले खुल्ला प्रतियोगितामा सामेल गराउने छ ।

(ख) **आन्तरिक प्रतियोगिता** : तोकिएको शैक्षिक तथा अन्य योग्यता पुगेका विश्वविद्यालय सेवामा रहेका स्थायी कर्मचारीलाई मात्र सेवा आयोगले आन्तरिक प्रतियोगितामा सम्मिलित गराउने छ । आन्तरिक प्रतियोगितामा सहभागी हुन कर्मचारीले हाल आफू कार्यरत रहेको स्थायी पदभन्दा एकतह माथिको पदका लागिमात्र आवेदन दिन सकिनेछ ।

(ग) **जेष्ठता तथा कार्य सम्पादन मूल्याङ्कन** : तोकिएको शैक्षिक योग्यता तथा अन्य योग्यता पुगेका विश्वविद्यालय सेवाका स्थायी कर्मचारीलाई मात्र यो प्रतियोगितामा समावेश गराइने छ । जेष्ठता तथा कार्य सम्पादन मूल्याङ्कन प्रतियोगितामा सहभागी हुने कर्मचारीले हाल आफु कार्यरत रहेको स्थायी पदभन्दा एक तह माथिको पदको लागि मात्र आवेदन दिन पाउने छन् । यो प्रतियोगिता अन्तर्गत बढुवा हुने कर्मचारीलाई कार्यक्षमता र जेष्ठता बापत पाएको कूल अङ्कको आधारमा बढुवाका लागि सिफारिस गर्ने छ ।

(घ) बागमती प्रदेश सरकार मन्त्रीपरिषद्को निर्णयबमोजिम आङ्गिक क्याम्पसको रूपमा समायोजन भई आएका क्याम्पसहरूमा पूर्णकालीन करार सेवामा कार्यरत रहेका कर्मचारीहरूका सम्बन्धमा यो कार्यविधि बमोजिम एक

पटकका लागिमात्र कर्मचारीतर्फ सातौं तह र सोभन्दा मुनीका पदमा स्थायी हुन विशेष आन्तरिक प्रतियोगितामा सहभागी हुने अवसर प्रदान गरिने छ ।

९. **न्यूनतम योग्यता तथा अयोग्यता** : प्रतियोगितामा आवेदन दिनको लागि न्यूनतम योग्यता तथा अयोग्यता अनुसूची ३ मा उल्लेख भए अनुसार हुनेछ ।

१०. **खुल्ला प्रतियोगिताको लागि थप व्यवस्था :**

(क) खुल्ला प्रतियोगिता अन्तर्गत हुने प्रतियोगिता खुल्ला समावेशी आधारमा गरिने छ । यस व्यवस्थाअनुसार बागमती प्रदेश विश्वविद्यालय सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ५५ (पचपन्न) प्रतिशत पदमा सबै उम्मेदवारहरूले प्रतिस्पर्धा गर्न पाउने खुल्ला र बाँकी ४५ (पैतालिस) प्रतिशत पदमा विश्वविद्यालयको शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ विनियम ५(२) बमोजिमका उम्मेदवार बीच मात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्ति गर्ने व्यवस्था गरिने छ ।

(ख) विज्ञापनका निमित्त आएका पदहरूका सम्बन्धमा सबै उम्मेदवारहरूले प्रतिस्पर्धा गर्न पाउने खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्ने ५५ (पचपन्न) प्रतिशत पद र तोकिएको समूह (महिला, आदिवासी, जनजाति, दलित, थारु, मधेशी, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको क्षेत्रका उम्मेदवारहरू) बीच मात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्ति गर्ने ४५(पैतालिस) प्रतिशत पदको विभाजन गर्दा भागफल दशमलवमा आएमा जुनमा बढी आउँछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने र दशमलवपछि दुवै समूहमा बराबर अङ्क आएमा खुल्लालाई प्राथमिकता दिने व्यवस्था गरिने छ ।

(ग) महिला, आदिवासी, जनजाति, दलित, थारु, मधेशी, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको क्षेत्रका उम्मेदवार बिच मात्र प्रतिस्पर्धा गराउने समावेशी आधारमा पूर्तिगर्न छुट्याएको ४५(पैतालिस) प्रतिशत पदलाई शत प्रतिशत मानी देहायबमोजिम वर्गीकृत उम्मेदवारबीच छुट्टाछुट्टै प्रतिस्पर्धाका आधारमा देहाय अनुसार पदपूर्ति गरिने छ ।

| | |
|---|---|
| क. महिला | ५० प्रतिशत |
| र बाँकी ५० लाई सतप्रतिशत मान्दा | |
| ख. आदिवासी, जनजाति | ५५ प्रतिशत |
| ग. दलित | १५ प्रतिशत |
| घ. थारु | ८ प्रतिशत |
| ङ. मधेसी | ७ प्रतिशत |
| च. अपाङ्गता भएको व्यक्ति | ५ प्रतिशत |
| छ. पिछडिएको क्षेत्र | ५ प्रतिशत |
| ज. अल्पसङ्ख्यक समुदाय | ५ प्रतिशत |
| जम्मा | १०० प्रतिशत |

(घ) समावेशीतामा पर्ने हरेक वर्गीकृत समूहको पद सङ्ख्या निर्धारण गर्न सूत्र प्रयोग गर्दा भागफल दशमलवमा आएमा महिला, आदिवासी र जनजाति, दलित, थारु, मधेशी, अपाङ्ग भएका तथा पिछडिएको क्षेत्र अल्पसङ्ख्यक मध्ये दशमलव पछि जुनमा बढी आउँछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने । दशमलव पछि, महिलासहित अन्य कुनै समूहमा बराबर अङ्क आएमा महिलालाई प्राथमिकता दिने । आदिवासी र जनजाति, दलित, थारु, मधेशी, अपाङगता भएका व्यक्ति प्राथमिकता क्षेत्र र अल्पसङ्ख्यक समूहमा बराबर अङ्क आएमा आदिवासी र जनजातिलाई प्राथमिकता दिने । दलित, थारु, मधेशी, अपाङगता भएका व्यक्ति, पिछडिएका क्षेत्र तथा अल्पसङ्ख्यकमा बराबर अङ्क आएमा दलितलाई प्राथमिकता दिने । एवम् रितले खण्ड १० (ग) बमोजिमकै क्रममा प्राथमिकता निर्धारण गरिने छ ।

(ङ) माथि उल्लेखित वर्गीकृत समूह र क्षेत्रको अर्थ र प्रयोग बागमती सरकारले परिभाषित गरेको अर्थ र प्रयोग अनुसूची १ अनुरूप हुनेछ ।

(च) मान्यता प्राप्त विश्वविद्यालयको सेवा आयोग वा विश्वविद्यालय छनौट समितिबाट लिखित परीक्षा उत्तीर्ण गरी नियुक्ति पाएका (शाखा अधिकृत तहसम्मका) (श्रेणी विहिन बाहेक) कर्मचारीहरूलाई सोही पदमा नियुक्ति हुन पुन लिखित परीक्षामा समावेश हुनुपर्ने छैन । सो सम्बन्धी अङ्क अन्य शीर्षकमा समावेश गरिने छ ।

## परिच्छेद ६

## सिफारिसका आधार तथा पूर्णाङ्क विभाजन

११. बागमती प्रदेश विश्वविद्यालय सेवामा कर्मचारी नियुक्ति तथा बढुवाका लागि सिफारिसका आधार तथा तिनको पूर्णाङ्क विभाजन देहाय बमोजिम हुनेछ :

| आधार | जेष्ठता तथा कार्यक्षमताको आधारमा हुने बढुवा | आन्तरिक प्रतियोगिता | खुला प्रतियोगिता (अप्राविधिक पदका लागि) | | खुला प्रतियोगिता (प्राविधिक पदका लागि) | |
|---|---|---|---|---|---|---|
| | | | अधिकृत स्तरका लागि | अधिकृत भन्दा मुनिका लागि | अधिकृत स्तरका लागि | अधिकृतभन्दा मुनिका लागि |
| कार्यसम्पादन मूल्याङ्कन बापत | ४० | १० | - | - | - | - |
| विश्वविद्यालय सेवा अनुभव (ज्येष्ठता) बापत | ३० | - | - | - | - | - |
| शैक्षिक योग्यता बापत | १५ | १५ | १५ | १५ | १५ | १५ |
| तालिम बापत | ५ | - | - | - | - | - |
| लिखित परीक्षा | - | १०० | २०० | १०० | २०० | १०० |
| कम्प्युटर सीप परीक्षण | १० | ३० | ३० | ३० | ३० | ३० |
| प्रयोगात्मक क्षमता परीक्षण (स्वास्थ्य र प्राविधिक पदहरूको लागिमात्र | - | - | - | - | (१५) | (१५) |
| अन्तर्वार्ता | - | २० | २० | २० | २० | २० |
| | १०० | १७५ | २६५ | १६५ | २६५ (२८०) | १६५ (१७५) |

## परिच्छेद ७

## शैक्षिक योग्यताको अङ्क विभाजन र अन्य व्यबस्था

१२. आन्तरिक प्रतियोगिताका लागि शैक्षिक योग्यताको अङ्क विभाजन : (१) शाखा अधिकृत (सातौं तह) र माथिल्ला पदहरूको आन्तरिक प्रतियोगिताको निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुने छ :

| शैक्षिक योग्यता | विशिष्ठ | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| स्नातक वा सो सरह | १० | ८ | ६ | ५ |
| स्नातकोत्तर वा सो सरह | ५ | ३ | २ | १ |

(२) कार्यालय सहायक (पाँचौ तथा छैठौ)वा सो सरहको पदहरूको आन्तरिक प्रतियोगिताको निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुने छ :

| शैक्षिक योग्यता | विशिष्ठ | प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|---|
| प्रवीणता प्रमाणपत्र वा सो सरह | १० | ८ | ६ | ५ |
| स्नातक वा सो सरह | ५ | ३ | २ | १ |

(३) जेष्ठता प्रतियोगिताका लागि शैक्षिक योग्यताको अङ्क विभाजन : (१) शाखा अधिकृत (अधिकृत सातौं तह) वा सो सरह वा सो भन्दा माथिल्ला पदहरूको जेष्ठता बढुवा प्रतियोगिताको निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुने छ :

| शैक्षिक योग्यता | विशिष्ठ तथा प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| प्रवीणता प्रमाणपत्र वा सो सरह | ३.५ | ३ | २.५ |
| स्नातक वा सो सरह | ८ | ७.५ | ७ |
| स्नातकोत्तर वा सो सरह | ३.५ | ३ | २.५ |

(४) कार्यालय सहायक (पाँचौ र छैठौ) वा सो सरहको पदहरूको लागि जेष्ठता बढुवा प्रतियोगिताका निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुने छ :

| शैक्षिक योग्यता | विशिष्ठ तथा प्रथम | द्वितीय | तृतीय |
|---|---|---|---|
| प्रवीणता प्रमाणपत्र वा सो सरह | ३.५ | ३ | २.५ |
| स्नातक वा सो सरह | ८ | ७.५ | ७ |

| | | | |
|---|---|---|---|
| स्नातकोत्तर वा सो सरह | ३.५ | ३ | २.५ |

(५) खुला प्रतियोगिताका लागि शैक्षिक योग्यताको अङ्क विभाजन : सबै पदमा खुला प्रतियोगिताको निमित्त शैक्षिक योग्यताको अङ्क विभाजन देहाय अनुसार हुने छ :

| शैक्षिक योग्यता | विशिष्ठ CGPA (3.6-4) | प्रथम CGPA (3.2- 3.5) | द्वितीय CGPA (2.8-3.1) | तृतीय CGPA less than 2.8 |
|---|---|---|---|---|
| न्यूनतम शैक्षिक योग्यता | १० | ९ | ८ | ७ |
| माथिल्लो शैक्षिक योग्यता | ५ | ४ | ३ | २ |

(६) शैक्षिक योग्यताको सम्बन्धमा अन्य व्यवस्था:

(१) कम्पाटमेण्टल परीक्षा उत्तीर्ण गरी प्राप्त शैक्षिक योग्यता वा उपाधिका लागि तृतीय श्रेणीका अङ्क दिइनेछ ।

(२) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यतालाई निजको प्राप्ताङ्क प्रतिशतलाई विश्वविद्यालयको प्रचलित श्रेणीमा परिणत गरी अङ्क दिइने छ ।

(३) समान तहको एकभन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरको अवस्थामा तीमध्ये आवेदित पदसँग सम्बन्धित एक शैक्षिक योग्यता वा उपाधिको मात्र अङ्क दिइनेछ ।

(४) न्यूनतम शैक्षिक योग्यता अनुसूची ४ बमोजिम हुनेछ । कुनै पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता नभएमा माथिल्लो शैक्षिक योग्यताको आधारमा पनि आवेदन दिन सकिनेछ ।

(५) माथिल्लो शैक्षिक योग्यताका लागि आवेदित पदको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित विषयको कुनै एक अतिरिक्त शैक्षिक उपाधि बापत मात्र अङ्क दिइनेछ ।

(६) अन्य शैक्षिक योग्यताको आधारमा सेवा प्रवेश गरिसकेकाहरूको हकमा एक तह माथिका लागि सम्बन्धित विषयको शैक्षिक उपाधि सम्बन्धी बन्देज लागू हुने छैन ।

(७) शाखा अधिकृत र सोभन्दा माथिका पदहरूको बढुवा वा आन्तरिक प्रतियोगिताका निमित्त आवश्यक शैक्षिक योग्यता भन्नाले सम्बन्धित सेवा समूहको अधिकृत सातौं तहका लागि तोकिएको शैक्षिक योग्यता बुझ्नुपर्छ ।

(८) अधिकृत नवौं खुला प्रतियोगिताका निमित्त आवश्यक शैक्षिक योग्यता भन्नाले सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण भन्ने बुझ्नुपर्छ ।

(९) सबै प्रतियोगितामा अक्षराङ्कन पद्धतिअनुसारको ग्रेड सिटलाई खण्ड ५ बमोजिम हुनेछ ।

## परिच्छद ८

## विश्वविद्यालय सेवा अनुभव

**१३. जेष्ठता तथा कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा प्रतियोगिताका लागि सेवाको अनुभव (जेष्ठता) को अङ्क :** बढुवा प्रतियोगिताका लागि विश्वविद्यालय सेवाको अनुभवको अङ्क प्रदान गर्दा आवेदित पदभन्दा एक तह मुनिको पदमा स्थायी भई काम गरेको प्रत्येक वर्षका लागि ३.०० अङ्क प्रदान गरिनेछ ।

**१४. विश्वविद्यालय सेवा अनुभव (जेष्ठता) सम्बन्धमा थप अन्य व्यवस्था :**

**१.** विश्वविद्यालय सेवा अनुभव (जेष्ठता)को अङ्क प्रदान गर्ने सन्दर्भमा सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा वर्ष र महिनाभन्दा घटी अवधिका लागि अङ्क दिइने छैन । अङ्क प्रदान गर्न नोकरी अवधिको गणना गर्दा अटुट रूपमा गरेको स्थायी सेवा अवधिलाई मात्र जोडिनेछ । सेवा आयोगबाट विज्ञापन वा सूचना प्रकाशित हुनुभन्दा अघिल्लो दिनसम्मको अवधिलाई मात्र अङ्क दिने प्रयोजनका निमित्त गणना गरिनेछ । विज्ञापन प्रकाशित भइसकेपछि प्राप्त हुने उमर, शैक्षिक योग्यता, तालिम, अनुभव र सेवा अवधि कुनै पनि प्रयोजनका लागि गणना गरिने छैन ।

**२.** बेतलबी वा असाधारण बिदामा बसेको वा विश्वविद्यालय बाहिर बेतलबी काजमा गएका कर्मचारीहरूको हकमा र गयल भएको अवधिलाई अङ्क दिने प्रयोजनका लागि गणना गरिने छैन ।

**३.** उच्च अध्ययनको मौका प्राप्त गरी अध्ययन बिदामा रही तोकिए अनुसारको अध्ययन पूरा नगरी (परीक्षा उत्तीर्ण नगरी) फर्कने बागमती प्रदेश विश्वविद्यालयका कर्मचारीहरूले बागमती प्रदेश विश्वविद्यालय सेवा आयोगबाट प्रकाशित विज्ञापनमा बढुवा प्रतियोगिता अन्तर्गत पदोन्नतिका लागि आवेदन प्रस्तुत गरेमा निजले उपभोग गरेको अध्ययन बिदा अवधि सेवा अनुभव (जेष्ठता) बापतको अङ्क दिने प्रयोजनका लागि गणना गरिने छैन । तर आवेदन फाराम भर्ने अन्तिम मितिसम्ममा स्वीकृत अध्ययन बिदा समाप्त भएको तिन महिना पुगिनसकेको

अवस्थामा भने यो बन्देज लागू हुने छैन । आवेदन फाराम भर्ने अन्तिम मितिसम्ममा स्वीकृत अध्ययन बिदा समाप्त भएको एक वर्ष पुगिसकको अवस्थामा भने अध्ययन बिदामा रही अध्ययन गरेको तहका परीक्षा (शोधपत्र समेत) उत्तीर्ण गरेका प्रमाण नै पेश गर्नु पर्नेछ । विद्यावारिधि शोधार्थीहरूका हकमा शोधपत्र बुझाइ मूल्याङ्कनका चरणमा रहेका अवस्थामा भने यो बन्देज लागू हुने छैन । साथै, स्वीकृत अध्ययन बिदा समाप्त भइनसकेको अवस्थामा पनि यो बन्देज लागू हुने छैन ।

## परिच्छेद ९

## तालिम बापत प्राप्त हुने अङ्क

**१५. तालिम अवधि र प्राप्त हुने अङ्क :** प्रतियोगिता हुने पदभन्दा एक तह मुनिको पदमा रही मान्यता प्राप्त सस्थाबाट लिएको आवेदित पदसँग सम्बन्धित तालिम बापत देहाय बमोजिम अङ्क दिइनेछ :

| आवदित पदसँग सम्बन्धित तालिम अवधि | पाउने अङ्क |
|---|---|
| एकहप्ता (सात दिन) वा सोभन्दा बढी तर एक महिनाभन्दा कम अवधिका तालिमका लागि | १ |
| एक महिना (३० दिन) वा सोभन्दा बढी तर दुइ महिनाभन्दा कम अवधिका तालिमका लागि | २ |
| दुइ महिनाभन्दा बढी अवधिका तालिमका लागि | ३ |

**१६. तालिम अवधि र प्राप्त हुने अङ्क सम्बन्धमा थप व्यवस्था :**

(१) एक हप्ता (सात दिन) भन्दा कम अवधिको तालिमका लागि कुनै अङ्क दिइने छैन । सेवा आयोगबाट विज्ञापन वा सूचना प्रकाशित हुनुभन्दा अघिल्लो दिनसम्म पूरा भएको तालिमलाई मात्र अङ्क दिने प्रयोजनका निमित्त गणना गरिनेछ ।

(२) विश्वविद्यालयबाट वा विश्वविद्यालयबाट मान्यता प्राप्त संस्थाबाट लिइएको तालिमको लागि मात्र अङ्क प्रदान गरिनेछ । यस प्रयोजनका लागि मान्यता प्राप्त विश्वविद्यालय नेपाल सरकार, प्रदेश सरकार वा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट प्राप्त सम्बन्धित सेवा समूहसँग सम्बन्धित तालिमलाई मात्र अङ्क प्रदान गरिनेछ ।

(३) तालिम आवेदित विषयसँग सम्बन्धित हो वा होइन भन्ने विषयमा तथा मान्यता प्राप्त सस्थाबाट लिएको हो वा होइन भन्ने सम्बन्धमा आयोगबाट निर्णय भए बमोजिम हुनेछ । यस सम्बन्धमा निर्णय गर्नुपूर्व आयोगले आवश्यक ठानेमा विशेषज्ञहरू समावेश भएको समिति गठन गर्न सक्नेछ ।

(४) उम्मेदवारलाई बढीमा तिन वटासम्मको तालिमको अङ्क प्रदान गरिने छ ।

## परिच्छद १०

## लिखित परीक्षा

**१७. लिखित परीक्षा :**

(क) आन्तरिक प्रतियागिता र खुला प्रतियोगिताका माध्यमद्वारा पदपूर्ति गरिने सबै (प्रशासनिक/प्राविधिक) पदहरूमा नियुक्तिका लागि सिफारिस गर्न लिखित परीक्षा लिइनेछ ।

(ख) आयोगद्वारा लिइने प्रतियोगितात्मक लिखित परीक्षा आयोगले निर्धारण गरेको मिति, समय र स्थानमा हुनेछ । लिखित परीक्षा सञ्चालन तथा सोको नतिजा प्रकाशनसम्म आवश्यकतानुसार प्रदेश लोकसेवा आयोगको सहयोग लिन सकिनेछ ।

(ग) लिखित परीक्षाका सबै उत्तरपुस्तिकाहरू मूल्याङ्कनमा पठाउनुपूर्व दोहोरो सङ्केत पद्धति (Double Coding System) अवलम्बन गरिनेछ । कोडिङ तथा डिकोडिङ कार्यका लागि प्रदेश लोक सेवा आयोगको सहयोग लिन सकिनेछ । कोडिङ-डिकोडिङ कार्यमा बागमती प्रदेश विश्वविद्यालय सेवा आयोगका अध्यक्ष, सदस्य तथा त्यहाँ कार्यरत कर्मचारीहरू सङ्लग्न हुन पाइने छैन । कोडिङपछि सबै अर्धकट्टीहरू खाममा सिलबन्दी गरी कोडिङ कार्यमा संलग्न सबैको हस्ताक्षरगराई उनीहरूकै रोहबरमा मात्र खोल्न सकिने गरी गोप्यरूपमा सुरक्षित राखिनेछ । दराजमा समेत सिलबन्दी गरी दराजको चाबी कोडिङ कार्यमा संलग्न व्यक्तिहरूकै जिम्मामा दिनुपर्नेछ । खुला प्रतियोगिता अन्तर्गत सेवा आयोगबाट लिइने लिखित परीक्षाको प्रश्नपत्र सङ्कलन/परिमार्जन, लिखित परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण/सम्परीक्षण तथा लिखित परीक्षाको नतिजा प्रकाशनसम्मको काम प्रदेश लोक सेवा आयोगको सहयोग र समन्वयमा सञ्चालन गरिनेछ ।

(घ) विषयगत हरेक उत्तरपुस्तिकाको मूल्याङ्कन दुई जना विशेषज्ञबाट गराई औसत अङ्क कायम गरिनेछ । दुवै जना विशेषज्ञले दिएको कुल अङ्कमा २० प्रतिशतभन्दा बढीको फरक परेमा फरक परेका उत्तरपुस्तिकाहरू तेस्रो

विशेषज्ञबाट परीक्षण गराई तिनै जनाको औसत अङ्कलाई प्राप्ताङ्क मानिनेछ । दोहोरो परीक्षण गराइएका उत्तरपुस्तिकाको सम्परीक्षण गराइने छैन ।

(ङ) लिखित परीक्षामा प्रत्येक पत्रमा तोकिएको उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवारहरू मात्र योग्यताक्रम सूचीमा पर्नेछन । यसरी योग्यताक्रम सूचीमा परेका उम्मेदवारहरूमध्येबाट यस कार्यविधिमा भएको व्यवस्था अनुसार तोकिएको सङ्ख्यामा नाम समावेश गरी देवनागरिक वर्णानुक्रम अनुसार लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ ।

१८. **आन्तरिक प्रतियागिता अन्तर्गत लिइने लिखित परीक्षा** : आन्तरिक पतियोगिता अन्तर्गत लिखित परीक्षा हुने विभिन्न पदहरूका उम्मेदवारहरूको लिखित परीक्षा लिनका निमित्त १०० पूर्णाङ्क ५०/५० पूर्णाङ्कका २ पत्रहरू) निर्धारण गरिनेछ । पद अनुसारका स्तर कायम रहने गरी विशेषज्ञहरूको परामर्श लिई सेवा आयोगले सम्बन्धित विषय र स्तरको लिखित परीक्षाको पाठ्यांश तोक्नेछ । आन्तरिक प्रतियोगिता अन्तर्गत लिइने लिखित परीक्षाको उत्तीर्णाङ्क प्रत्येक पत्रमा ४० प्रतिशत हुनेछ ।

१९. **खुला प्रतियागिता अन्तर्गत लिइने लिखित परीक्षा :**

(१) (क) कम्प्युटर प्रयोगसम्बन्धी ज्ञानको प्रयागात्मक परीक्षा : पाँचौं तह र सोभन्दा माथिका पदहरू (स्वास्थ्य र प्राविधिक सेवाका पदहरू बाहेक) का लागि खुला प्रतियोगिता अन्तर्गत पदपूर्ति गर्दा शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ को १०६ (१ क) मा भएको व्यवस्था बमोजिम) लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूको कम्प्युटर सम्बन्धी ज्ञानको प्रयोगात्मक परीक्षा लिइनेछ । प्रयोगात्मक परीक्षाको पाठयक्रम सेवा अयोगले तोकेबमोजिम हुनेछ । उक्त प्रयोगात्मक परीक्षाको ५० प्रतिशत रहनेछ ।

(ख) स्वास्थ्य र प्राविधिक सेवाका पदहरूको खुला प्रतियोगिता अन्तर्गत स्थायी पदपूर्ति गर्दा लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरूबाट आफ्नो पदगत विषयसम्बन्धी व्यवहारिक ज्ञानको प्रयोगात्मक परीक्षा लिइनेछ । प्रयोगात्मक परीक्षाको पाठ्यांश सेवा आयोगले तोके बमोजिम हुनेछ । उक्त प्रयोगात्मक परीक्षाको ५० प्रतिशत रहनेछ ।

(२) खुला प्रतियोगिता अन्तर्गत लिखित परीक्षा हुने विभिन्न अधिकृत स्तरका पदहरूका लागि उम्मेदवारहरूको लिखित परीक्षा लिनको निमित्त २०० पूर्णाङ्क (१००/१०० पूणाङ्कको दुइ पत्रहरू) र अधिकतभन्दा मुनिका पदहरूका लागि उम्मेदवारहरूको लिखित परीक्षा लिनका निमित्त १०० पूर्णाङ्क (५०/५० पूर्णाङ्कका दुई पत्रहरू) निर्धारण गरिनेछ । पद अनुसारको स्तर कायम रहने गरी सम्बन्धित विषयका विज्ञहरूको समितिको सिफारिसमा सेवा आयोगले सम्बन्धित विषय र स्तरको लिखित परीक्षाको पाठयक्रम तोक्नेछ ।

(३) लिखित परीक्षाको उत्तीर्णाङ्क प्रत्येक पत्रमा ४० प्रतिशत हुनेछ ।

२०. खुला र समावेशीतर्फका समान विषय र पदको लिखित परीक्षा एकै समयमा एउटै प्रश्नपत्रबाट लिइनेछ । खुला वा समावशीतर्फका समान विषय र पदका जतिसुकै वर्गमा आवेदन दिएपनि लिखित परीक्षा भने एक पटकमात्र दिनु पर्नेछ ।

२१. लिखित परीक्षामा उम्मेदवारहरूले प्राप्त गरेको बढी प्राप्ताङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरी अन्तर्वार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ । अन्तर्वार्ताका लागि योग्य उम्मेदवारहरूको नामावली प्रकाशित गर्दा देहायबमोजिम प्रकाशित गरिनेछ ।

(क) माग पद सङ्ख्या एक भएमा तीन जना

(ख) माग पद सङ्ख्या दुई भएमा पाँच जना

(ग) माग पद सङ्ख्या तीन वा सो भन्दा बढी भएमा ६० प्रतिशत थप गरी

(घ) तर खण्ड (ग) मा जे भनिएको भए तापनि प्रयोगात्मक परीक्षा हुने स्वास्थ्य र प्राविधिक सेवाका पदहरूमा लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा १०० प्रतिशत थप गरी प्रकाशित गरिनेछ ।

२२. अन्तर्वार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गर्ने क्रममा योग्यताक्रममा रहेका उम्मेदवारहरूमध्येबाट दफा २१ मा व्यवस्था भएअनुरूपको सङ्ख्यामा उम्मेदवारहरूको छनौट गर्दा योग्यताक्रममा परेको अन्तिम प्राप्ताङ्क एकभन्दा बढी उम्मेदवारहरूको समान रहेछ भने दफा २१ मा जुनसुकै भनिएको भए तापनि योग्यताक्रममा परेको अन्तिम प्राप्ताङ्कसमान भएका सबै उम्मेदवारहरूलाइ लिखित परीक्षाको नतिजामा सामेल गरिनेछ ।

२३. लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा समान श्रेणीका अथवा सोभन्दा माथिल्ला श्रेणी वा पदमा पहिले नै सिफारिस भइसकेको भए वर्तमान लिखित परीक्षाको नतिजाबाट तथा लिखित परीक्षाको नतिजा प्रकाशित भई अन्तवार्ता मात्र

बाँकी रहेका भए अन्तवार्ता सूचीबाट त्यस्ता उम्मेदवारको नाम हटाइनेछ तर तल्ला श्रेणीका पदमा सिफारिस भएको भए माथिल्ला श्रेणी वा पदमा प्रतिस्पर्धा गर्न रोक लाग्ने छैन ।

२४. समान स्तरका विभिन्न पदको लागि एउटै समयमा भएको भिन्दाभिन्दै विज्ञापन वा एउटै विज्ञापन अन्तर्गतकै विभिन्न पदका लिखित परीक्षाको नतिजा प्रकाशित गर्नु परेमा पहिलेको नतिजाको नामावलीमा परेकामध्ये जति जना उम्मेदवारको नाम त्यसपछि हुने अर्को पदको नतिजामा समावेश छ त्यतिकै सङ्ख्यामा थप उम्मेदवारहरूको नाम समावेश गरी पछिल्ला नतिजा प्रकाशित गर्ने व्यवस्था हुनेछ । तर दफा २६ मा भएको व्यवस्था अनुरूप पहिले नै यस दफामा भएको व्यवस्थाअनुरूपको सङ्ख्यामा उम्मदवारहरूको नाम थप भइसकेको रहेछ भने अरु थप नाम समावेश गरिने छैन ।

२५. विभिन्न प्रशासनिक पदहरूका निमित्त समावेशी आधारमा पूर्ति गर्ने गरी भएको विज्ञापनको एउटै पदको लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा सबैभन्दा पहिले खुलातर्फको नतिजा प्रकाशित गरिने र त्यसपछि समावेशीतर्फ सिफारिस हुने उम्मदवारको नामावली प्रकाशित गरिनेछ । यस अन्तर्गत सर्वपथम अल्पसङ्ख्यक त्यसपछि पिछडिएको क्षेत्रका उम्मेदवारहरूको नामावली प्रकाशित गरी त्यसपछि क्रमशः अपाङ्ग, दलित, मधसी, आदिवासी/जनजाति र महिला वर्ग समूहका उम्मेदवारहरूको नामावली दफा २४ मा भएको व्यवस्था अनुसार नाम थप गरेर प्रकाशित गर्ने व्यवस्था हुनेछ ।

## परिच्छेद ११

## कार्यसम्पादन र प्रशासनिक क्षमता मूल्याङ्कन

२६. **कार्यसम्पादन मूल्याङ्कन :**

(१) कार्यसम्पादन मूल्याङ्कन वार्षिक रुपमा गरिनेछ । हरेक कर्मचारीले यस कार्यविधिको अनुसूचीमा तोकिए बमोजिमको फाराम भर्नुपर्नेछ । कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा बढुवा र आन्तरिक प्रतियोगिताका लागि पछिल्लो तीन आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ । कुनै कर्मचारीले कुनै आ.व.को कार्यसम्पादन मूल्याङ्कन फाराम भरेर नबुझाएको भएमा त्यस्तो कर्मचारीलाई सो आ.व.का लागि अङ्क प्रदान गरिने छैन ।

(२) हरेक कर्मचारीले हरेक आ.व. सकिएको एक महिनाभित्र अनुसूचीमा तोकिएको ढाँचामा दुई प्रति फाराम भरी सुपरिवेक्षक समक्ष पेश गर्नुपर्नेछ । यसरी पेश गर्दा हरेक फाराम ४"×९" को साइजको खाममा राखी स्टापलर लगाई पेश गर्नुपर्नेछ । खाम बाहिर कर्मचारीको नाम, सङ्केत नं., आ.व., पद, सेवा, समूह, श्रेणी, कार्यालय, फोन नं. लेख्नुपर्नेछ ।

(३) कर्मचारीहरूको पेश गरेको फाराम सुपरीवेक्षकले त्यसरी पेश भएको १५ दिनभित्र मूल्याङ्कन गरी प्रमुख मूल्याङ्कनकर्ता समक्ष पेश गर्नुपर्नेछ । प्रमुख मूल्याङ्कनकर्ताले एक महिनाभित्र मूल्याङ्कन गरी पुनरावलोकनकर्ता (उपाध्यक्ष) समक्ष पेश गर्नुपर्नेछ । उपाध्यक्ष र सेवा आयोगका अध्यक्ष पुनरावलोकनकर्ता हुने कर्मचारीहरूको सम्बन्धित कार्यालयले पुनरावलोकनसमेत गरी सिधै सेवा आयोग र कर्मचारी प्रशासन महाशाखामा पठाउनुपर्नेछ । यसरी पेश गर्दा कर्मचारीहरूको नाम, पद, सेवा, समूह र सङ्केत नम्बरको सूची बनाई ठूलो खाममा बन्द गरी खाम बाहिर कर्मचारीहरूको कार्यसम्पादन फाराम, आ.व. र कार्यालयको नाम समेत लेखी पेश गर्नुपर्नेछ ।

(४) पुनरावलोकनकर्ताले मूल्याङ्कन फाराम प्राप्त भएको एक महिनाभित्र गोप्य रुपमा मूल्याङ्कन गरी सिलबन्दी गरी एक प्रति बागमती प्रदेश विश्वविद्यालय सेवा आयोग र एक प्रति योजना तथा प्रशासन महाशाखामा पठाउनु पर्नेछ ।

(५) वैदेशिक तालिम, गोष्ठी वा अध्ययन भ्रमण आदिमा काजमा गएका कर्मचारीको पनि आधिकारिक इमेलबाट फाराम मगाई भर्न सकिनेछ ।

(६) समयमा कार्यसम्पादन फाराम नबुझाउने कर्मचारीहरूको पछि मूल्याङ्कन गरिने छैन । मनासिब कारणले कार्यसम्पादन मूल्याङ्कन फाराम भर्न छुटेका कर्मचारीहरूको फारामभरी दुई महिनापछि पठाउन सकिनेछ ।

(७) कर्मचारीले पेश गरेको फाराम समयमा मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय सजाय हुनेछ ।

२७. **मूल्याङ्कनकर्ता अधिकारी :**

(१) विश्वविद्यालयका विभिन्न कार्यालय/निकायहरूमा कायरत कर्मचारीहरूको मूल्याङ्कन तपसिल बमोजिम हुनेछ :

- सम्बन्धित शाखा/युनिट प्रमुखबाट सुपरिवेक्षकका रूपमा २० अङ्कमा ।
- सम्बन्धित निकाय प्रमुखबाट प्रमुख मूल्याङ्कनकर्ताका रूपमा १५ अङ्कमा ।

यस प्रयोजनका लागि केन्द्रीय कार्यालय अन्तर्गतका कार्यालय र महाशाखाका प्रमुखहरू प्रमुख मूल्याङ्कनकर्ताका रुपमा रहने छन ।

- उपाध्यक्षबाट पुनरावलोकनकर्ताका रुपमा ५ अङ्कमा तर संरक्षक समितिको कार्यालयको हकमा अध्यक्ष, सेवा आयोगको कार्यालयको हकमा सेवा आयोगका अध्यक्ष पुनरावलोकनकर्ता हुनेछन ।

(२) उल्लेखित अङ्कहरूलाई २.५ अङ्कले भाग गरी आउने भागफल अङ्कलाई बढुवा प्रतियोगिताका लागि र १० अङ्कले भाग गरी आउने भागफल अङ्कलाई आन्तरिक प्रतियागिताका लागि मूल्याङ्कनको अङ्क कायम गरिनेछ ।

(३) कुनै कार्यालयमा शाखा वा युनिटको व्यवस्था नभएको वा भए पनि अधिकृत स्तरका कर्मचारी नभएको वा एउटै पदको निमित्त शाखा वा युनिट प्रमुख स्वयम् प्रतिस्पर्धी भएको अवस्थामा सो निकाय वा कार्यालयको सो पदका सबै कर्मचारीहरूको हकमा सम्बन्धित निकाय प्रमुखले नै सुपरिवेक्षकका रूपमा र प्रमुख मूल्याङ्कनकर्ताका रूपमा पनि त्यस्ता कर्मचारीहरूको मूल्याङ्कन गर्नु पर्नेछ । सम्बन्धित निकाय प्रमुख स्वयं प्रतिस्पर्धी भएको निकाय वा कार्यालयको सो पदका सबै कर्मचारीहरूको मूल्याङ्कन सुपरिवेक्षकको रूपमा र प्रमुख मूल्याङ्कनकर्ताको रूपमा पनि पुनराअलोकनकर्ताबाट हुनेछ ।

२८. **कारण जनाउनु पर्ने :** दिइएका सबै बुँदाहरूमा जुनसुकै स्केलबाट मूल्याङ्कन भएको भए पनि हरेक बुँदाहरूमा कारण जनाउनु पर्दैन तर त्यसको कूल अङ्क ८० प्रतिशतभन्दा बढी वा ४० प्रतिशतभन्दा कम हुने गरी मूल्याङ्कन भएको रहेछ भने मूल्याङ्कनकर्ताले एकमुष्ट कारण जनाउनु पर्नेछ । कारण नजनाई ८० प्रतिशतभन्दा बढी हुने गरी मूल्याङ्कन भएको रहछ भने अधिकतम ८० प्रतिशत अङ्क र कारण नजनाई ४० प्रतिशतभन्दा कम हुने गरी मूल्याङ्कन भएको रहेछ भने न्यूनतम ४० प्रतिशत अङ्क प्रदान गरिनेछ । कारण जनाएर पनि २५ प्रतिशतभन्दा कम अङ्क दिन पाइन छैन । २५ प्रतिशतभन्दा कम हुने गरी मूल्याङ्कन भएको रहेछ भने न्यूनतम ४० प्रतिशत अङ्क प्रदान गरिनेछ । कुनै बुँदामा अङ्क दिएको नदेखिएमा सन्तोषजक अङ्क दिएको मानिनेछ । त्यस्तै पुनर्मूल्याङ्कन/पुनरावलोकनकर्ताबाट प्रदान गरिने एकमुष्ट अङ्कमा पनि यही प्रक्रिया लागू हुनेछ ।

२९. सबै कोलममा अनिवार्य रेजा लगाई मूल्याङ्कन गर्नुपर्नेछ । कुनै कोलममा रेजा लगाएको नपाइएमा सो कोलममा सन्तोषजनक स्तर कायम गरिनेछ ।

३०. तीन जना मूल्याङ्कनकर्ताबाट प्रदान गरिएको अङ्क जोड्दा उम्मेदवारको कार्य सम्पादन मूल्याङ्कनको कूल अङ्क हुनेछ ।

३१. कार्य सम्पादन मूल्याङ्कन फारामको ढाँचा अनसूची ३ मा दिइएको छ ।

## परिच्छेद १२

## अन्तर्वार्ता

३२. **अन्तर्वार्ता :**

(१) सेवा आयोगको विज्ञापन बमोजिम प्रतियोगिता हुने जेष्ठता बढुवा बाहेकका सबै प्रतियोगिताका लागि अन्तर्वार्ता अनिवार्य हुनेछ ।

(२) अन्तबार्तासम्बन्धी सूचना प्रतियोगिता हुने दिनभन्दा कम्तीमा १५ दिन अगाडि राष्ट्रिय स्तरको पत्रपत्रिकामा संक्षिप्त सूचना र सेवा आयोगको वेवसाइट वा विश्वविद्यालयको वेवसाइट वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा वा दुबैमा विस्तृत सूचना प्रकाशित गर्नुपर्नेछ ।

३३. आन्तरिक तथा खुला प्रतियोगितामा अन्तर्वार्ताका लागि निधारित २० अङ्कका विभाजन देहाय बमोजिम हुनेछ :

- व्यक्तित्व - ४
- विषयबस्तुको ज्ञान - ८
- प्रस्तुतिकरण - ८

अन्तर्वार्ताका लागि सेवा आयोगले दक्ष, विषयविज्ञ सम्मिलित ३ देखि ५ सदस्यिय अन्तर्वार्ता समिति गठन गर्नु पर्नेछ ।

**३४. विशेषज्ञ सम्बन्धी व्यवस्था :**

(१) कार्यकारी परिषदको निर्णयानुसार रोस्टरमा रहेका विशेषज्ञहरूमध्येबाट सेवा आयोगले विशेषज्ञ तोक्नेछ । रोस्टरमा भएका विशेषज्ञहरू उपलब्ध हुन नसकेमा सेवा आयोगले निर्णय गरी आवश्यकतानुसार अन्य विशेषज्ञ तोक्न सक्नेछ । अन्तवार्तामा विज्ञ छनौट गर्दा पाइएसम्म सम्बन्धित क्षेत्रका वरिष्ठतम व्यक्तिहरूलाई प्राथमिकताको सूचीमा राखेर छनौट गरिनेछ ।

(२) नवौं तह वा सो सरह र सोभन्दा माथिका पदको अन्तर्वार्तामा विशेषज्ञ नियुक्त गर्दा कम्तीमा एक जना विषय विज्ञ विश्वविद्यालय सेवामा बहालमा नरहेका व्यक्तिलाइ नियुक्त गर्नु पर्नेछ ।

(३) सेवा आयोगमा कार्यरत कर्मचारीहरू सेवा आयोगले लिने अन्तर्वार्तामा विशेषज्ञका रूपमा नियुक्त हुनसक्ने छैनन ।

(४) सेवा आयोगबाट सञ्चालित कर्मचारीको लिखित परीक्षा, प्रयोगात्मक परीक्षा वा अन्तर्वार्ता जस्ता कुनै पनि प्रतियोगितात्मक परीक्षामा नवौं तह वा सो सरह भन्दा तल्ला पदका कर्मचारीहरू विशेषज्ञ बन्न सक्ने छैनन ।

(५) शाखा अधिकृत वा सो सरह र सो भन्दा माथिका पदहरूका लागि प्रशासक वा सहप्रशासक वा प्राध्यापक वा सहप्राध्यापक वा नेपाल सरकार वा अन्य क्षेत्रका प्रथम श्रेणी वा सोभन्दा माथिका विषय विज्ञ मात्र र ११ औं तह वा सो सरहका पदहरूका लागि प्रशासक वा प्राध्यापक वा नेपाल सरकार वा अन्य क्षेत्रका विशिष्ट श्रेणीका विषय विज्ञमात्र विशेषज्ञ बन्न सक्नेछन ।

(६) अन्तर्वार्तामा बस्न अध्यक्ष, सदस्य तथा विशेषज्ञहरूका पति-पत्नी, छोरा-बुहारी, छोरी-ज्वाइँ, धर्मपुत्र र धर्मपुत्री, नाति-नातिना, बाब-आमा वा सौतेनी आमा, एकै बाबुबाट जन्मिएका दाजुभाइ र निजका पत्नी एवम् उनीहरूका छोराछोरीहरू, एकै बाबुबाट जन्मिएका दिदी-बहिनी र निजका पति एवम् उनीहरूका छोराछोरीहरू, मामा-माइजु एवम् उनीहरूका छोराछोरीहरू, फुपु फुपाजू एवम् उनीहरूका छोराछोरीहरू, विवाहित पुरुष कर्मचारीको हकमा निजका सासु ससुरा, साला साली तथा उनीहरूका पति-पत्नी र छोरा-छोरीहरू तथा विवाहित महिला कर्मचारीका हकमा निजका सासु-ससुरा, देवर-जेठाजु र उनीहरूका पत्नी तथा छोराछोरीहरू, नन्द आमाजु र उनीहरूका पति तथा छोरा-छोरीहरूमध्ये कुनै नाता पर्ने भएमा त्यस्तो नाता पर्ने व्यक्ति वा पदाधिकारी सो पदको कुनै पनि दिनको अन्तर्वार्तामा विशेषज्ञको रूपमा नियुक्त हुन सक्ने छैनन । यस व्यवस्थाले सेवा आयोगका अध्यक्ष अन्तर्वार्तामा बस्न र मूल्याङ्कन गर्न नमिल्ने भएमा सेवा आयोगको बैठकबाट निर्णय गरी सेवा आयोगका एक जना सदस्यले सो पदको अन्तर्वार्ता सञ्चालन र नतिजा प्रकाशन गर्ने बैठकको अध्यक्षता गर्नेछन । सेवा आयोगका अध्यक्ष र सदस्यहरू सबै एकै पटक अन्तर्वार्तामा बस्न र मूल्याङ्कन गर्न नमिल्ने भएमा आयोगबाट तोकिएको एकजना विज्ञले अध्यक्षता ग्रहण गरी सो पदको अन्तर्वार्ता सञ्चालन गर्ने र आयोगका अध्यक्ष र सदस्यहरूले गर्ने मूल्याङ्कन गर्नेछन । अध्यक्ष र सदस्यहरूको उपस्थितिमामात्र आयोगको बैठक बस्ने नियमको बाध्यात्मक व्यवस्था भएको हुँदा सो पदको नतिजा प्रकाशन गर्ने बैठकको अध्यक्षता गर्न र नतिजा प्रकाशन गर्न भने सेवा आयोगका अध्यक्ष र सदस्यलाई बाधा पर्ने छैन ।

(७) सेवा आयोगका अध्यक्ष र सदस्यहरूले दिएको अङ्कको औसत र विशेषज्ञहरूले दिएको अङ्कको औसत जोडी प्राप्त हुनआएको अङ्कको जोड उम्मेदवारको प्राप्ताङ्क हुनेछ ।

(८) सेवा आयोगका अध्यक्ष, सदस्यहरू वा विषय विशेषज्ञले उम्मेदवारलाई अन्तर्वार्ताका पूर्णाङ्कको ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा घटी अङ्क दिन परेमा सोको कारण जनाउनु पर्नेछ । यसरी कारण नखोली अङ्क दिएको पाइएमा बढीमा ८० प्रतिशत र घटीमा ४० प्रतिशत अङ्क दिएको मानी गणना गरिनेछ । साथै कारण खोलेर पूर्णाङ्कका ८० प्रतिशत भन्दा बढी र ४० प्रतिशतभन्दा घटी अङ्क दिएको अवस्थामा पनि सेवा आयोगका अध्यक्ष, सदस्यहरू तथा विषय विशेषज्ञहरूसमेत गरी अन्तवार्ता समितिका ५० प्रतिशतभन्दा बढी सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ । अन्यथा बढीमा ८० प्रतिशत र घटीमा ४० प्रतिशत नै मानी अङ्क गणना गरिनेछ ।

(९) खुला प्रतियोगिता अन्तर्गत सिफारिस गर्ने क्रममा कुनै उम्मेदवारको अन्तवार्ताको प्राप्ताङ्क अन्तर्वार्ताको पूर्णाङ्कको ४० प्रतिशतभन्दा कम भएमा उम्मेदवार सिफारिस हुने छैन ।

परिच्छेद १३

सिफारिस

**३५. योग्यताक्रमको सूची तथा सिफारिस सम्बन्धी व्यवस्था :**

(१) उम्मेदवारहरूले प्राप्त गरेको प्राप्ताङ्कतालिकीकरण गरी योग्यता क्रमको सूची तयार गरिने र तोकिएको दरबन्दीको आधारमा नतिजा प्रकाशन गर्नुपर्नेछ । बढुवा प्रतियोगिता अन्तर्गत सफल भएका उम्मेदवारहरूमध्ये अन्तिम उम्मेदवारले प्राप्त गरेको कूल अङ्क प्रकाशित गर्नु पर्नेछ ।

(१क) जेष्ठता बढुवा प्रतियोगितामा तोकिएको सङ्ख्या भन्दाकम सङ्ख्यामा सिफारिस भएमा बाँकी हुन आएको सङ्ख्या आन्तरिक प्रतियोगितामा थप गरी र आन्तरिक प्रतियोगितामा तोकिएको सङ्ख्या भन्दा कम सङ्ख्यामा सिफारिस भएमा बाँकी हुन आएको सङ्ख्या खुला प्रतियोगितामा थप गरी सिफारिस गरिनेछ ।

(२) पदपूर्तिका लागि अन्तिम नतिजा प्रकाशित गर्दा सबैभन्दा पहिले खुलातर्फ सिफारिस हुने उम्मेदवारको नामावली प्राथमिकतमा राखी नतिजा प्रकाशित गरिने र त्यसपछि समावेशीतर्फ सिफारिस हुने उम्मदवारको नामावली प्रकाशित गरिनेछ । समावेशी अन्तर्गत सर्वप्रथम अल्पसङ्ख्यक समुदायतर्फ सिफारिस हुने उम्मेदवारहरूको नामावली प्रकाशित गरी त्यसपछि क्रमशः पिछडिएको क्षेत्र, अपाङ्ग, दलित, मधसी, आदिवासी/जनजाति र महिला वर्ग/समूहतर्फको नतिजा प्रकाशित गरिनेछ । खुला समूहबाट वा कुनै एक वर्ग/क्षेत्रमा नाम सिफारिस भएपछि अरु वर्ग/समूहबाट निजको नाम स्वतः हटाइने छ ।

(३) पदपूर्तिका लागि अन्तिम नतिजा प्रकाशित गर्दा समावेशीतर्फ छटयाइएको पदमा लिखित वा अन्तर्वार्ताबाट उपयुक्त उम्मेदवार सिफारिस हुन सक्ने अवस्था नरहेमा त्यस्ता पद खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूति गरिनेछ ।

(४) बढुवा तथा आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिका लागि सेवा आयोगबाट गरिएका सिफारिस उपर चित्त नबुझेमा बागमती प्रदेश विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी विनियम २०८१ बमोजिम बागमती प्रदेश विश्वविद्यालय सेवा आयोगद्वारा सिफारिस गरिएको मितिले २० दिनभित्र बागमती प्रदेश विश्वविद्यालय संरक्षक समिति समक्ष उजुरी गर्न सकिनेछ । उजुरीको प्रयोजनको निमित्त सो नामावली प्रकाशित भएको मितिबाट बीस दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतीक्षा सूचीमा राखिनेछ । उपर्युक्त सिफारिस उपर उजुरी नपरेमा सो नामावली प्रकाशित भएको मितिले एक्काइसौ दिन (उजुर गर्न म्याद सकिएको भोलिपल्ट) का मितिबाट बढुवा हुने श्रेणीको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनुपर्नेछ ।

(५) सेवा आयोगबाट जेष्ठता बढुवा र आन्तरिक प्रतियोगिताद्वारा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार उपनियम (४) बमोजिमको उजुरी गर्न सकिने म्यादसम्म विश्वविद्यालयको नियमानुसार अनिवार्य अवकाश हुने रहेछ भने सेवा आयोगले त्यस्ता उमेदवारको नाम सिफारिस सूचीबाट हटाउनेछ ।

(६) जेष्ठता बढुवा वा आन्तरिक प्रतियोगिताबाट हुने पदोन्नतिका सिलसिलामा कुनै पनि कर्मचारी तह नाघी माथिल्लो पदका लागि उम्मेदवारी दिन पाउने छैन ।

**३६. बराबर अङ्क प्राप्त गरेका उम्मेदवारहरूको योग्यताक्रम सूची सम्बन्धी व्यवस्था:**

(१) जेष्ठता तथा कार्य सम्पादन बढुवा प्रतियोगितामा बराबर अङ्क प्राप्त गरेका उम्मेदवारहरूको योग्यताक्रम निधारण गर्दा आवेदित पदभन्दा एक तहमुनिको पदमा स्थायी भएको वा पदान्नति भएको जेष्ठताको आधारमा र सो पनि बराबर भएमा शैक्षिक योग्यताको महलमा बढी अङ्क आएको आधारमा गरिनेछ । यसबाट पनि जेष्ठता नछुट्टिएमा सुरु स्थायी नियुक्ति मितिको जेष्ठताका आधारमा र सोबाट पनि जेष्ठता नछुट्टिएमा उमेरको जेष्ठताको आधारमा गरिनेछ ।

(२) आन्तरिक प्रतियागितामा उम्मदवारहरूको कुल प्राप्ताङ्क बराबर हुन गएमा आवेदित पदभन्दा एक तहमुनिको पदमा स्थायी भएको वा पदान्नति भएको जेष्ठताको आधारमा र सो पनि बराबर भएमा लिखित परीक्षामा प्राप्त गरको बढी अङ्कको आधारमा गरिनेछ । सो पनि बराबर भएमा शैक्षिक योग्यताको महलमा बढी अङ्क आएको आधारमा गरिनेछ । शैक्षिक योग्यतामा पनि बराबर भएमा अन्तर्वातामा विशेषज्ञ समूहबाट प्रदान गरको बढी अङ्कका आधारमा र सोबाट पनि वरिष्ठता नछुट्टिएमा उमरका जेष्ठताका आधारमा गरिनेछ ।

(३) खुला प्रतियोगितामा उम्मेदवारहरूको कुल प्राप्ताङ्कबराबर हुन गएमा शैक्षिक योग्यताका महलमा बढी अङ्क आएको आधारमा गरिनेछ । शैक्षिक योग्यतामा प्राप्त अङ्क पनि बराबर भएमा लिखित परीक्षा हुने पद भए

लिखित परीक्षामा प्राप्त गरेको बढी अङ्कका आधारमा गरिनेछ। सो पनि बराबर भएमा वा लिखित परीक्षा नहुने पद भए अन्तर्वार्तामा विशेषज्ञ समूहबाट प्रदान गरेको बढी अङ्कको आधारमा र सोबाट पनि वरिष्ठता नछुट्टिएमा उमेरको जेष्ठताको आधारमा गरिनेछ।

३७. **परीक्षाको मर्यादा कायम गर्ने :** प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले झुट्ठा विवरण दिएमा वा लिखित परीक्षा वा अन्तर्वार्तामा कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा सेवा आयोगले त्यस्ता उम्मेदवारलाई निजको कसुर हेरी सेवा आयोगबाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिका लागि भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्नेछ।

३८. **सिफारिस बदर हुने अवस्था :**

(१) प्रतियोगितामा सम्मिलित कुनै उम्मदवारले नतिजालाई प्रभावित पार्ने गरी झुट्ठा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वतः रद्द हुनेछ।

(२) उम्मेदवारको मल्याङ्कन तालिकामा कुनै भुलचुक भई पहिले सिफारिस वा नियुक्ति समेत भइसकेका कुनै उम्मेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा सेवा आयोगले त्यस्ता उम्मेदवारको सिफारिस बदर गर्न सक्नेछ।

(३) बढुवा र आन्तरिक प्रतियागितामा सम्मिलित हुन आवेदन दिएका कुनै उम्मदवारले अन्तिम नतिजा प्रकाशन हुनुपूर्व नै विश्वविद्यालय सेवाबाट राजीनामा दिएमा वा कुनै पनि कारणले विश्वविद्यालय सेवाबाट अवकाश पाएमा त्यस्ता उम्मेदवारको आवेदन फाराम तथा सिफारिस भइसकको भए सो सिफारिससमेत स्वतः रद्द हुनेछ।

३९. **योग्यताक्रमको आधारमा पदस्थापन गर्ने :**

(१) सेवा आयोगबाट सिफारिस भएका कर्मचारीको पदस्थापना गर्दा विज्ञापन प्रकाशित गर्दा ताकिएको निकाय र दरबन्दीमा सिफारिस योग्यताक्रम अनुसार रोजेको स्थानमा पदस्थापन गरिनेछ। तर सिफारिस गरिएको कर्मचारी तोकिएको मितिमा सम्पकमा नआएमा वा कुनै कर्मचारीको सेवा तोकिएको कुनै निकायमा आवश्यक छ भन्ने विश्वविद्यालयलाई लागेमा त्यस्ता कर्मचारीलाई उसको रुचिअनुसार नियुक्ति नगरी अन्य स्थानमा पनि नियुक्ति गर्न सकिनेछ।

(२) अवकाश वा बढुवाबाट पद रिक्त हुने पदमा विज्ञापन गर्दा कुनै कारणले त्यस्ता पद रिक्त नभई नियुक्ति गर्न नसकिने भएमा अन्य निकायमा रिक्त भएको दरबन्दीमा नियुक्ति गर्न सकिनेछ। अन्य निकायमा पनि सो पदको रिक्त दरबन्दी नभएमा कर्मचारी प्रशासन महाशाखामा अस्थायी दरबन्दी सिर्जना गरी नियुक्ति गरिनेछ। त्यसरी नियुक्ति गरिसकेपछि कुनै निकायको सो पदको दरबन्दी रिक्त भएमा सरुवा गरी पदस्थापना गरिनेछ।

(३) नियुक्तिका लागि सिफारिस भएका कर्मचारीहरूलाई कुनै निकायमा तोकेर नियुक्ति नगरी कर्मचारी प्रशासन महाशाखामा विशेष (अस्थायी) दरबन्दी सिर्जना गरी नियुक्ति गरेर सेवा प्रवेश तालिममा सहभागी गराउन सकिनेछ। त्यस्ता कर्मचारीलाई पछि सम्बन्धित निकायहरूमा पदस्थापना गरिनेछ।

४०. **अस्थायी र करारमा नियुक्ति सम्बन्धी व्यवस्था :** (क) सेवा आयोगले सञ्चालन गरेका खुला प्रतियोगिताको लिखित परीक्षामा उत्तीर्णाङ्क प्राप्त गरेका स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरूमध्येबाट एक बर्षभित्र अस्थायी वा करार नियुक्ति गर्ने प्रयोजनका लागि सूची प्रकाशित गरिनेछ। विश्वविद्यालय सेवाका कुनै पद कुनै कारणले रिक्त भएमा र सो पदमा अस्थायी वा करार नियुक्ति गर्नुपर्ने भएमा सेवा आयोगले प्रकाशित गरेको सो योग्यताक्रमको सूचीमा समावेश भएका व्यक्तिहरूबाट योग्यताक्रमको आधारमा आवश्यकता अनुसार सम्बन्धित निकायले नियुक्ति गर्नेछ।

(ख) सेवा आयोगले उपदफा (क) बमोजिम प्रक्रिया पूरा गरी सूची प्रकाशन नगरेको अवस्थामा वा सूचीको म्याद समाप्त भएको अवस्थामा विश्वविद्यालयको आवश्यकता अनुसार करार सेवामा तोकिएको पदाधिकारीले कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(ग) उपदफा (ख) बमोजिम नियुक्ति गर्दा श्रेणी विहिन कर्मचारी बाहेकका पदका लागि छनोट समिति गठन हुन सक्नेछ। छनोट समितिले अनुसूची ४ बमोजिमका आधारमा मूल्याङ्कन गरी योग्यता सूची बनाइ आवश्यक सङ्ख्यामा नियुक्तिका लागि सिफारिस गर्ने छ। यस सम्बन्धी अन्य व्यवस्था छनोट समितिले निर्धारण गरे बमोजिम हुनेछ। करार नियुक्तिका लागि न्यूनतम शैक्षिक योग्यता अनुसूची ३ बमोजिम हुनेछ।

**४१. पद परिवर्तन सम्बन्धी व्यवस्था :**

(१) कुनै कर्मचारीले कार्यरत रहेको पदको समान श्रेणीको पदमा पद परिवर्तन गर्न चाहेमा कार्यरत निकायको सिफारिस सहित उपाध्यक्षसमक्ष निवेदन दिनुपर्दछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने कर्मचारीको न्यूनतम शैक्षिक योग्यता पद परिवर्तन गर्न चाहेको पदका लागि तोकिएको अनुसूची ४ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हुनुपर्नेछ ।

(३) कर्मचारीले परिवर्तन गर्न चाहेको पदमा पद परिवर्तन गर्दा विश्वविद्यालयको हित हुने देखिएमा उपाध्यक्षले सेवा आयोगको रायका लागि पठाउनेछन ।

(४) सेवा आयोगले त्यस लगत्तै हुने सो पदको आन्तरिक प्रतियोगिताको सेवा सम्बन्धी एक पत्रमा निजलाई सहभागी हुने मौका प्रदान गर्नेछ । सो पत्रमा उत्तीर्णाङ्क प्राप्त गरेमा सेवा आयोगले पद परिवर्तन गर्न सकिने राय प्रदान गर्नेछ । वा यस्ता उमेदवारकोहरूको लागि सेवा आयोगले विशेष परीक्षा सञ्चालन गर्न पनि सक्ने छ ।

(५) उपदफा (४) बमोजिमको राय प्राप्त भएपछि कार्यकारी परिषदले पद परिवर्तन गर्न स्वीकृति प्रदान गर्नेछ ।

## परिच्छेद १४

## विविध

**४२. परीक्षाको मर्यादा कायम गर्नु पर्ने :** प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले झुठ्ठा विवरण दिएमा वा लिखित परीक्षा वा प्रयोगात्मक परीक्षा वा अन्तरवार्तामा कुनै अनियमित कार्य वा मर्यादा भङग गरेमा सेवा आयोगले निजको सो विज्ञापनमा परेको आवेदन फारम लगायतका सबै कुरा रदद गरी त्यस्तो उम्मेदवारलाइ निजको कसुर हेरी सेवा आयोगबाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिको लागि (बढीमा पाँच बर्षसम्म) भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्ने छ ।

**४३. सिफारिस बदर हुने अवस्था**

(क) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने गरी झुठ्ठा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वत: रदद हुनेछ ।

(ख) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भूलचुक भई पहिले सिफारिस वा नियुक्ति समेत भैसकेको कुनै उम्मेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा सेवा आयोगले त्यस्ता उम्मेदवारको सिफारिस बदर गर्न सक्नेछ ।

(ग) आन्तरिक प्रतियोगितामा सम्मिलित हुन आवेदन दिएका कुनै उम्मेदवारले अन्तिम नतिजा प्रकाशन हुनुपूर्व नै विश्वविद्यालय सेवाबाट राजिनामा दिएमा वा कुनै पनि कारणले सेवाबाट अवकाश पाएमा त्यस्ता उम्मेदवारको आवेदन फारम तथा सिफारिस भइ सकेको भए त्यस्तो सिफारिस समेत स्वत: रद्द हुनेछ ।

(घ) विश्वविद्यालयको स्वीकृति नलिई अन्यत्र काम गर्ने व्यक्ति ।

**४४. बराबर अङ्क प्राप्त गरेका उम्मेदवारहरूको योग्यताक्रम सूची सम्बन्धी व्यवस्था**

(क) खुल्ला प्रतियोगितामा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर हुन गएमा देहाय बमोजिम योग्यताक्रम सूची निर्धारण गरिने छ ।

**(१) लिखित परीक्षा हुने प्रतियोगिता :** लिखित परीक्षामा प्राप्त गरेको बढी अङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरिने छ । लिखित परीक्षामा प्राप्त अङ्क पनि बराबर भएमा शैक्षिक योग्यताको महलमा प्राप्त गरेको कूल अङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरिने छ । सो पनि बराबर भएमा अन्तरवार्तामा विशेषज्ञ समूहबाट प्राप्त गरेको बढी अङ्कको आधारमा र सो पनि बराबर भएमा तोकिएको न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर तहमा प्राप्त गरेको बढी प्रतिशतको आधारमा योग्यताक्रम सूची निर्धारण गरिने छ ।

**(२) अन्तरवार्ता मात्र हुने प्रतियोगिता :** शैक्षिक योग्यता बापत प्राप्त गरेको कूल अङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरिने छ । शैक्षिक योग्यतामा प्राप्त अङ्क पनि बराबर भएमा अनुसन्धान तथा कृति मूल्याङ्कनमा प्राप्त कूल अङ्कको आधारमा र सो पनि बराबर भएमा अन्तरवार्तामा विशेषज्ञ समूहबाट प्राप्त गरेको बढी अङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरिने छ ।

(ख) आन्तरिक प्रतियोगिताका उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर हुन गएमा दफा १५(क) १ मा उल्लेख भए अनुसार हुने छ ।

## परिच्छेद १२

## विविध

**४५. बढुवा वा आन्तरिक प्रतियोगिताका लागि उम्मदवार हुन नपाउने व्यवस्था :** देहायको अवस्थामा देहायको अवधिभर विश्वविद्यालयको कुनै पनि कर्मचारी बढुवा वा आन्तरिक प्रतियोगिताका लागि उम्मेदवार हुन वा रहन पाउने छैन ।

(क) निलम्बन भएकामा निलम्बन भएका अवधिभर ।

(ख) बढुवा रोक्का गरिएको भए त्यसरी रोक्का भएको अवधिभर ।

(ग) तलब, ग्रेड वृद्धि रोक्का भएको भए त्यसरी रोक्का भएको अवधिभर ।

(घ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएका मितिले एक वर्षसम्म ।

(ङ) सेवा समूह परिवर्तन भए त्यसरी सेवा समूह परिवर्तन भएको एक वर्षसम्म बढुवाका लागि उम्मेदवार हुन पाउने छैन । तर एक वर्ष पूरा भएपछि समान पदमा अन्य सेवामा गरेका अवधि पनि गणना गरिनेछ ।

**४६. खुला प्रतियोगिताका लागि उम्मेदवार हुन नपाउने व्यवस्था :** देहायको अवस्थामा कुनै पनि व्यक्ति विश्वविद्यालय सेवाका लागि खोलिएको विज्ञापनमा उम्मेदवार हुन वा रहन पाउने छैन :

(क) उमरको हदभित्र नभएका व्यक्ति : यस प्रयोजनका निमित्त उमरका हद भन्नाले अधिकृत स्तरका पदहरूका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेका र अधिकृत स्तरभन्दा तल्ला पदहरूका लागि १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेका हुनुपर्नेछ । तर बागमती प्रदेश विश्वविद्यालय सेवाका ४० बर्षको उमेर नपुग्दै देखि स्थायी, अस्थायी वा करार बहाल रहेका कर्मचारीले खुला प्रतियोगितामा सामेल हुन चाहमा उमरको हद लागू हुने छैन । साथै समायोजन प्रक्रियाका लागि र समायोजन भइ आएका कर्मचारीको हकमा उमेर हद लागू हुने छैन ।

(ख) भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाकानिमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति ।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति ।

(घ) गैर नेपाली नागरिक ।

**४७. आवेदन दस्तुरसम्बन्धी व्यवस्था :** विश्वविद्यालय सेवाको जेष्ठता बढुवा, आन्तरिक वा खुला प्रतियोगिताका लागि आवेदन फाराम भर्दा लाग्ने दस्तुर सेवा आयोगले तोक्नेछ ।

**४८. कार्यविधि संसोधन तथा परिमार्जनसम्बन्धी व्यवस्था :** यस कार्यविधिलाई सेवा आयोगको सिफारिसमा संरक्षक समितिले आवश्यक संसोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**४९. व्याख्या गर्ने र बाधा अडकाउ फुकाउने व्यवस्था**

(क) यस कर्मचारी नियुक्ति, पदोन्नती एवम् समायोजन सिफारिस सम्बन्धी कार्यविधिमा स्पष्ट उल्लेख भएको व्यवस्था बाहेक अन्यको हकमा सेवा आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) यो कार्यविधिको अन्तिम व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार सेवा आयोगलाई हुनेछ ।

## अनुसूची १

### समावेशीताका प्रकार तथा आधार

### (खुल्ला प्रतियोगिताको प्रयोजनको लागि)

समावेशीतर्फ छुट्याइएका पदमा दरखास्त दिंदा देहायका आधारमा दिनु पर्नेछ :

१. **आदिवासी र जनजातिका हकमा :** आदिवासी र जनजातिका हकमा नेपाल आदिवासी र जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी र जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ।

२. **मधेसी/थारुका हकमा :** मधेसी/थारुका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेसी/थारु भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी/थारु भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ।

३. **दलितका हकमा :** दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्ने छ।

४. **अपाङ्गता भएको व्यक्तिका हकमा :** अपाङ्गता भएको व्यक्तिका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको आधारमा, साथै सोपत्रमा अपाङ्गताको किसिमसमेत खुलेको हुनु पर्नेछ।

## अनुसूची २

### बागमती प्रदेश विश्वविद्यालय कार्य सम्पादन मूल्याङ्कन फाराम

मूल्याङ्कन गरेको आ.व.: कर्मचारी सङ्केत नं.: हालको पद :

कर्मचारीको नाम : हालको पदमा नियुक्ति मिति :

कार्यालयको नाम : सेवा, समूह :

श्रेणी : माथिल्लो शैक्षिक योग्यता :

कार्यालयमा सम्पादन गरेका मुख्य कामहरू :

१.

२.

३.

४.

५. आफुले गरेका कार्यहरूको स्वमूल्याङ्कन गर्ने

उत्कृष्ठ ☐ राम्रो ☐ सन्तोषजनक ☐ त्यति राम्रो गर्न सकिन ☐

कर्मचारीको सही : मिति :

कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन गर्न देहाय अनुसार उत्कृष्ट, राम्रो, सन्तोषजनक स्केलका १० वटा बुँदाहरू दिइएका छन । मूल्याङ्कनकर्ताले प्रत्येक बुँदामा दिइएको उचित स्केल सबैमा रेजा (√) चिह्न लगाई मूल्याङ्कन गर्नु अनिवार्य हुनेछ। कुनै कोठामा रेजा नलगाएको पाइएमा त्यसमा सन्तोषजनक स्तर कायम हुनेछ।

मूल्याङ्कनकर्ताहरूबाट प्रदत्त अङ्क ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा घटी भएमा औचित्यपूर्ण कारण जनाउनु पर्नेछ। कारण नजनाई प्राप्ताङ्क ८० प्रतिशतभन्दा बढी वा ४० प्रतिशतभन्दा घटी दिएको पाइएमा बढीमा ८० प्रतिशत र घटीमा ४० प्रतिशत अङ्क नै कायम हुनेछ। तर २५ प्रतिशतभन्दा कम अङ्क दिन पाइने छैन। यदि सोभन्दा कम अङ्क दिएमा ४० प्रतिशत अङ्क कायम हुनेछ।

| कार्यालय प्रयोजनका निमित्त | |
|---|---|
| सुपरिवेक्षकबाट प्रदत्त अङ्क | |
| प्रमुख मूल्याङ्कनकर्ताबाट प्रदत्त अङ्क | |
| पुनर्मूल्याङ्कनकर्ताबाट प्रदत्त अङ्क | |
| जम्मा अङ्क | |

## सुपरिवेक्षक र प्रमुख मूल्याङ्कनकर्ताको मूल्याङ्कन

| | सुपरिवेक्षकबाट प्रदत्त अङ्क (पूर्णाङ्क २०) | | | प्रमुख मूल्याङ्कनकर्ताबाट प्रदत्त अङ्क (पूर्णाङ्क १५) | | |
|---|---|---|---|---|---|---|
| मूल्याङ्कनका आधारहरू | उत्तम ३ | राम्रो २.२५ | सन्तोषजनक १.७५ | उत्तम ५ | राम्रो ४ | सन्तोषजनक ३ |
| १. नैतिकता र आचरण | | | | | | |
| २. तोकिएको कार्य सम्पादन स्तर | | | | | | |
| ३. कार्यप्रति उत्साह र लगनशीलता | | | | | | |
| ४. अरु कर्मचारीसँग मिलेर काम गर्ने क्षमता | | | | | | |
| ५. सृजनात्मक शैलीबाट काम गर्ने क्षमता | | | | | | |
| ६. निर्देशनको पालना | | | | | | |
| ७. कार्य सम्पादन क्षमता, निर्णय गर्न सक्ने | | | | | | |
| ८. पेसागत श्रृजनशिलता र पेसागत प्रतिबद्धता | | | | | | |
| ९. सूचना प्रविधिको प्रयोगमा दक्षता | | | | | | |
| १०. सेवाग्राहीप्रतिको व्यवहार | | | | | | |
| कार्यालयको छाप | कूल प्राप्ताङ्क (अङ्कमा):<br>अक्षरमा: | | | कूल प्राप्ताङ्क (अङ्कमा):<br>अक्षरमा: | | |
| | सुपरिवेक्षकको नाम:<br>पद:<br>दस्तखत:<br>मिति: | | | प्रमुख मूल्याङ्कनकर्ताको नाम:<br>पद:<br>दस्तखत:<br>मिति: | | |
| ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा घटी दिएमा खुलाउनु पर्ने कारण | सुपरिवेक्षकको | | | प्रमुख मूल्याङ्कनकर्ताका | | |

| पूनर्मूल्याङ्कनकर्ता/पुनरावलोकनकर्ताबाट प्रदत्त अङ्क (पूर्णाङ्क ५) | | |
|---|---|---|
| प्रदान गरेको अङ्क | | कार्यालयको छाप |
| अक्षरमा | | |
| नाम : | | |
| दस्तखत : | | |
| मिति : | | |
| ८० प्रतिशतभन्दा बढी र ६० प्रतिशतभन्दा घटी दिएमा खुलाउनुपर्ने कारण | | |

# अनुसूची ३

## न्यूनतम शैक्षिक योग्यता

देहायका पदहरूको खुला प्रतियोगिताका लागि न्यूनतम शैक्षिक योग्यता देहायको तह वा सो सरह उत्तीर्ण हुनपर्नेछ।

| क.सं. | पद | सेवा | समूह | उपसमूह | श्रेणी/तह | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | अधिकृत नवौं तह | प्रशासन | प्रशासन | प्रशासन | अधिकृत नवौं तह | कुनै विषयमा स्नातकोत्तर उत्तीर्ण |
| २. | लेखा, नवौं तह | प्रशासन | प्रशासन | प्रशासन / लेखा | | लेखा / बाणिज्यशास्त्र विषयमा स्नातकोत्तर |
| ३. | पुस्तकालय नवौं तह | प्रशासन | प्रशासन | पुस्तकालय | नवौं तह | पुस्तकालय विज्ञान विषयमा स्नातकोत्तर |
| ४. | सातौं तह | प्रशासन | प्रशासन | प्रशासन | शाखा अधिकृत | कुनै विषयमा स्नातक उत्तीर्ण |
| ५. | छैठौं तह | प्राविधिक | प्राविधिक | प्राविधिक | प्राविधिक सहायक | सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण |
| ६. | पांचौं तह | प्रशासन | प्रशासन | प्रशासन | सहायक प्रशासन | सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण |
| ७. | कानुनी सल्लाहकार /कानुन अधिकृत | प्रशासन | प्रशासन | प्रशासन | अधिकृत तृतीय | कानुन विषयमा स्नातक उत्तीर्ण |
| ८. | कानुनी सहायक | प्रशासन | प्रशासन | प्रशासन | सहायक द्वितीय | कानुन विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण |
| ९. | लेखा अधिकृत (सातौ तह) | प्रशासन | प्रशासन | प्रशासन | लेखा अधिकृत | व्यबस्थापन विषयमा स्नातक उत्तीर्ण |
| १०. | लेखा सहायक | प्रशासन | प्रशासन | प्रशासन | सहायक लेखा | लेखा वा बाणिज्यशास्त्र विषय लिई प्रवेशिका उत्तीर्ण |
| ११. | पुस्तकालय अधिकृत सातौं तह | प्रशासन | प्रशासन | प्रशासन | सातौं तह | पुस्तकालय विज्ञान विषयमा स्नातकोत्तर |
| १२. | पुस्तकालय सहायक | प्रशासन | प्रशासन | प्रशासन | सहायक प्रथम | पुस्तकालय विज्ञानमा स्नातक वा कुनै विषयमा स्नातक र पुस्तकालय सम्बन्धी एकबर्षे डिप्लोमा गरेको |
| १३. | नर्सिङ उपनियन्त्रक | प्रशासन | स्वास्थ्य | नर्सिङ | अधिकृत द्वितीय | नर्सिङ विषयमा स्नातकोत्तर |
| १४. | नर्सिङ अधिकृत | प्रशासन | स्वास्थ्य | नर्सिङ | अधिकृत तृतीय | नर्सिङ विषयमा स्नातक |
| १५. | स्टाफ नर्स | प्रशासन | स्वास्थ्य | नर्सिङ | सहायक प्रथम | नर्सिङ विषयमा प्रवीणता प्रमाणपत्र |
| १६. | प्राविधिक नवौं तह | प्रशासन | प्रविधिक | सूचना प्रविधि | अधिकृत द्वितीय | सूचना प्रविधि, कम्प्युटर विज्ञान, कम्प्युटरइन्जिनियरिङ्ग, सूचना प्रविधि शिक्षामध्ये कुनै विषयमा स्नातकोत्तर |
| १७. | प्राविधिक अधिकृत (सूचना प्रविधि) सातौ तह | प्रशासन | प्रविधिक | सूचना प्रविधि | अधिकृत तृतीय | सूचना प्रविधि, कम्प्युटर विज्ञान, कम्प्युटरइन्जिनियरिङ्ग, सूचना प्रविधि शिक्षामध्ये कुनै विषयमा स्नातक |
| १८. | मुख्य प्राविधिक सहायक (सूचना प्रविधि) | प्रशासन | प्रविधिक | सूचना प्रविधि | सहायक प्रथम | प्राविधिक धारको कम्प्युटर इन्जिनियरिङ्ग विषय लिई १२ वा सूचना प्रविधि, कम्प्युटर विज्ञान, कम्प्युटरइन्जिनियरिङ्ग, सूचना प्रविधि शिक्षामध्ये कुनै विषयमा प्रवीणता प्रमाणपत्र |
| १९. | प्राविधिक अधिकृत (प्रयोगशाला) सातौं तह | प्रशासन | प्रविधिक | प्रयोगशाला | अधिकृत तृतीय | विज्ञान विषयमा स्नातक |
| २०. | मुख्य प्राविधिक सहायक | प्रशासन | प्रविधिक | प्रयोगशा | सहायक | विज्ञान विषय लिई कक्षा १२ वा सो |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (प्रयोगशाला) | | | ला | प्रथम | सरह उत्तीर्ण गरी सि.टि.इ.भि.टी.बाट सो विषयमा तह ३ उत्तीर्ण गरेको |
| २१. | प्राविधिक सहायक (प्रयोगशाला) | प्रशासन | प्रविधिक | प्रयोगशाला | सहायक द्वितीय | विज्ञान विषय लिई एस.एल.सी. परीक्षा वा सो सरह उत्तीर्ण गरी सि.टि.इ.भि.टी.बाट ल्याब असिस्टेन्ट विषयमा तह २ उत्तीर्ण गरेको |

माथि उल्लेखित पदहरूबाहेक स्वास्थ्य समूह र प्राविधिक समूहका अन्य पदहरूको न्यूनतम शैक्षिक योग्यता कार्यकारी परिषदले तोकेकोमा सोही बमोजिम र नतोकेमा देहाय बमोजिम हुनेछ :

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी | योग्यता |
|---|---|---|---|---|---|
| १. | प्राविधिक नवौं तह | प्रशासन | प्राविधिक | अधिकृत द्वितीय | पदसँग सम्बन्धित विषयमा स्नातकोत्तर |
| २. | प्राविधिक सातौं तह | प्रशासन | प्राविधिक | अधिकृत तृतीय | पदसँग सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण |
| ३. | प्राविधिक छैठौं तह | प्रशासन | प्राविधिक | सहायक प्रथम | सम्बन्धित विषय लिई १२ परीक्षा वा सो सरह उत्तीर्ण गरी CTEVT बाट सो विषयमा तह ३ उत्तीर्ण गरेको |
| ४. | प्राविधिक पाँचौं तह | प्रशासन | प्राविधिक | सहायक द्वितीय | सम्बन्धित विषय लिई १० कक्षा उत्तीर्ण गरी CTEVT बाट सो विषयमा तह २ उत्तीर्ण गरेको |

द्रष्टव्य : नियम ११ (४) मा व्यवस्था भए बमोजिम विभिन्न पदहरूका निमित्त तोकिएको तहको सम्बन्धित विषयको योग्यता नभए पनि सम्बन्धित विषयको माथिल्लो तहको सम्बन्धित विषयको शैक्षिक योग्यताका अधारमा आवेदन दिन सकिनेछ । यसरी माथिल्लो तहको योग्यताको आधारमा आवेदन गरेमा सो तहलाई नै न्यूनतम शैक्षिक योग्यता बापतको अङ्क प्रदान गरिनेछ । सोभन्दा माथिल्लो शैक्षिक योग्यतालाई मात्र माथिल्लो तहको शैक्षिक योग्यता बापतको अङ्क प्रदान गरिनेछ ।

## अनुसूची ४

### करार नियुक्ति सम्बन्धमा

करार सेवामा कर्मचारी नियुक्ति गर्दा देहायबमोजिमका आधारमा अङ्क विभाजन गरी मूल्याङ्कन गरिने छ :

| आधार | विशिष्ट श्रेणी वा सो सरह | प्रथम श्रेणी वा सो सरह | दोस्रो श्रेणी वा सो सरह | तेस्रो श्रेणी वा सो सरह | जम्मा |
|---|---|---|---|---|---|
| न्यूनतम शैक्षिक योग्यता | १० | ९ | ८ | ७ | १० |
| एक तह माथिको शैक्षिक योग्यता | ५ | ४ | ३ | २ | ५ |
| तालिम | ५ | | | | ५ |
| कम्प्युटर/सीप परीक्षण | २० | | | | २० |
| अन्तर्वार्ता | १० | | | | १० |
| जम्मा | | | | | ५० |

तालिम वापतको अङ्क र अन्य ब्यबस्था दफा १५ र १६ बमोजिम हुनेछ ।